# THE WEST BENGAL COUNCIL OF RABINDRA OPEN SCHOOLING

## UCHCHA MADHYAMIK PARIKSHA, 2024

## Nepali
## (New Syllabus)

**Time : 3 Hours 15 Minutes** **Full Marks : 80**

(First 15 Minutes for reading the question paper)

### (General Instructions for the Examinees)

Candidates should write their Name, Roll No. and Registration No. in their respective answer scripts.

First 15 Minutes are allotted for reading the question paper.

Answers should be in brief and to the point.

Write correct question no. against each answer.

Special credit will be given for answers which are brief and to the point.

Marks will be deducted for spelling mistakes, untidiness and bad handwriting.

In the right side the marks of questions are given.

छोटो छरितो वस्तुनिष्ठ उत्तरलाई प्राथमिकता दिइने छ।

अस्पष्ट र अपरिष्कृत लेख तथा हिज्जेगत अशुद्धि भएमा अङ्क घटाइने छ।

प्रश्नका छेउमा दिइएका अङ्कहरू पूर्णाङ्क सूचक हुन्।

## Group-A
## MCQ Type Questions

तल दिइएका प्रश्नहरूमध्ये कुनै 14 वटा प्रश्नहरूको उत्तर दिनुहोस्। 1×14=14

**1.** मनबहादुर मुखियाको पहिलो एकाङ्की नाटक कुन हो?

(a) अँध्यारोमा बाँच्नेहरू
(b) फेरि इतिहास दोहोरिन्छ
(c) अनि देउराली रुन्छ
(d) वियोग

**2.** नेपाली कविता साहित्यमा ज्ञानदिलदासलाई कुन धाराका कवि मानिन्छ?

(a) कृष्णभक्ति धारा
(b) रामभक्ति धारा
(c) वीरभक्ति धारा
(d) निर्गुणकाव्य धारा

**3.** 'चुक घोप्टिनु' वाग्धाराको अर्थ के हो?

(a) दुखमाथि दुख थप्नु
(b) काम बिग्रिनु
(c) अन्धकार हुनु
(d) दोष लाग्नु

**4.** 'शेरसिंह गोर्खा' कथाका कथाकार को हुन्?

(a) इन्द्रबहादुर राई
(b) पुर्ण राई
(c) सानु लामा
(d) इन्द्र सुन्दास

**5.** 'यता बजारमा त क्यै आपद्छैन, क्यै डर छैन। तर कमान बस्तीतिर कति दुक्ख छ, कस्तो बिजोग छ, मलाई थाहा छ। त्यै देखेर हाम्रा बाबुहरू बजार पसेका .......' यो वाक्य कसले भनेका हुन्?

(a) कालेकी आमाले
(b) चौकीदार्नीले
(c) दोरङ्गिनीले
(d) कालेको बाबुले

**6.** 'तर कहिले?' उपन्यासमा किर्तीमानको प्रेमिका को थिई?

(a) लक्सम
(b) आशमाया
(c) सिम्मा
(d) थुप्री

**7.** सन् ________ देखि यताको अवधि नेपाली साहित्यको इतिहासको आधुनिक काल हो?

(a) 1883
(b) 1917
(c) 1915
(d) 1975

**8.** अविकारी वा अव्यय शब्द मुख्य रहने समासलाई ________ समास भनिन्छ।

(a) कर्मधारय
(b) तत्पुरुष
(c) द्विगु
(d) अव्ययीभाव

**9.** 'एक थुकी सुकी हजार थुकी नदी' यस प्रकारको उक्तिलाई के भनिन्छ?

(a) उखान
(b) किंवदन्ती
(c) वाग्धारा
(d) गाँउखाने कथा

**10.** ''जुन युवकले देश रक्षाको निम्ति प्राण अर्पण गर्‍यो आज उसकै भाइलाई चाहिँ एउटा चोरको रूपमा देख्दा मलाई खेद लागिरहेछ'' उक्त पद्यांश कुन पाठबाट लिइएको?

(a) 'मुटुको व्यथा' नाटकबाट
(b) 'वियोग' नाटकबाट
(c) 'तर कहिले?' उपन्यासबाट
(d) 'स्वास्नीमान्छे' कथाबाट

**11.** 'सगरमाथामा तेन्जिङ' कस्तो किसिमको निबन्ध हो?

(a) जीवनीपरक निबन्ध
(b) संस्मरणात्मक निबन्ध
(c) ऐतिहासिक निबन्ध
(d) काल्पनिक निबन्ध

**12.** स्वर सन्धि कति थरीका छन्?

(a) पाँच थरीका
(b) छ थरीका
(c) चार थरीका
(d) सात थरीका

**13.** दुई वा दुईभन्दा धेर शब्दहरू मिलेर बनेका विशेष अर्थयुक्त वाक्यांश नै ________ हुन्।

(a) वाग्धारा
(b) उखान
(c) सन्धि
(d) समास

**14.** ________ नेपाली साहित्यको इतिहासमा घटित पहिलो र सबैभन्दा प्रखर प्रभावशाली साहित्यिक आन्दोलन हो।

(a) 'तेस्रो आयाम' 1973
(b) 'बुट पलिस'
(c) 'समावेशी'
(d) 'विचलन'

**15.** 'सिपाही' कथाका कथाकार को हुन्?

(a) विश्वश्वरप्रसाद कोइराला
(b) इन्द्रबहादुर राई
(c) इन्द्र सुन्दास
(d) सानु लामा

**16.** बालकृष्ण समको पुरा नाउँ के थियो?

(a) बालकृष्ण जङ्गबहादुर राणा
(b) बालकृष्ण राणा
(c) बालकृष्ण समसेर
(d) बालकृष्ण समसेर जङ्गबहादुर राणा

**17.** सन् ________ मा गङ्गाप्रसाद प्रधानको सम्पादनमा 'गोर्खे खबर् कागत्' प्रकाशित भएको थियो।

(a) 1900
(b) 1901
(c) 1902
(d) 1903

**18.** इन्द्रबहादुर राईको जन्म ________ का दिन बालासन चियाबारी, खरसाङ दार्जिलिङमा भएको थियो।

(a) 3 फरवरी, 1927
(b) 1 जनवरी, 1937
(c) 6 जुन, 1927
(d) 3 जनवरी, 1927

## Group-B

तल दिइएका प्रश्नहरूमध्ये कुनै *पाँच* वटा प्रश्नहरूको उत्तर लेख्नुहोस्। 2×5=10

**1.** 'वर्षा' कविताका कवि को हुन्? संक्षिप्त परिचय दिनुहोस्।

**2.** "आँखाले नभियाइने गरी फैलिएको 'महालङ्गुर' र 'कुम्भकर्ण'ले विशालताको अर्थ जाहेर गरे" — प्रस्तुत वाक्यांश कुन पाठबाट लिइएको हो र यसका र रचयिता को हुन्?

**3.** हरिभक्त कटुवालका चारवटा कृतिहरूका नाम लेख्नुहोस्।

**4.** भानुभक्त आचार्यको जन्म कहिले र कहाँ भएको थियो?

**5.** 'तिमी को?' कवितामा कवि गोपालप्रसाद रिमालले 'तिमी को?' भनेर कसलाई सम्बोधन् गरेका हुन्?

**6.** ईश्वरले कस्ता हात चुम्दछन्?

**7.** ठुलोकान्छा र ठुलीकान्छी कुन कथाका पात्र हुन्? उनीहरू माझ कस्तो सम्बन्ध थियो?

**8.** उखान भनेको के हो? दुईवटा उदाहरण दिनुहोस्।

## Group-C

तल दिइएका प्रश्नहरूमध्ये कुनै *छ* वटा प्रश्नहरूको उत्तर लेख्नुहोस्। 6×6=36

**1.** सानु लामाको 'स्वास्नीमान्छे' कथाको सार लेख्नुहोस्।

**2.** समास भन्नाले के बुझिन्छ? ती कति प्रकारका हुन्छन्? प्रत्येकको परिभाषा दिँदै उदाहरण लेख्नुहोस्।

**3.** 'तर कहिले?' उपन्यासमा उल्लिखित स्थानहरूको वर्णन गर्नुहोस्।

**4.** 'वियोग' नाटकको सार लेख्नुहोस्।

**5.** प्राथमिककालीन नेपाली पद्य साहित्यको चर्चा गर्दै यसका विभिन्न धारा अनि कविहरू चिनाउनुहोस्।

**6.** कवि अगमसिंह गिरीको परिचय दिँदै उनको 'मेरो बचाइको एक दिन' कविताको मूलभाव स्पष्ट पार्नुहोस्।

## Group-D

निम्न विषयहरूमध्ये कुनै *एउटा* विषयमा निबन्ध लेख्नुहोस् – 20×1=20

**1.** शहिद मेजर दुर्ग मल्ल

**2.** मोबाइल फोनका लाभ र हानी

**3.** 4 अक्टोबर, 2023 टिस्टाको बाढ

**4.** मातृभाषा

**5.** पर्यावरण संरक्षण

———